पाल्हीनन्दन गाँउपालिका नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश

# पाल्हीनन्दन राजपत्र

**भाग- २** **खण्ड - ५** **संख्या ७**

## पाल्हीनन्दन गाँउपालिका

**पाल्हीनन्दन गाँउपालिकाको अनुगमन तथा मूल्यांकन कार्यविधि २०७८**

परिच्छेद - १..................................

१ संक्षिप्त नाम र प्रारम्भ.......................................

२ परिभाषा...........................................................................

परिच्छेद - २...........................................................................

३ अनुगमन तथा मुल्यांकन समिति...............................................

४ अनुगमन तथा मूल्यांकन समितिको काम कर्तव्य र अधिकार..........

५ आयोजनाको प्रभाव मुल्यांकन.......................................

परिच्छेद - ३..................................................................

६ अनुगमन तथा मुल्यांकन सुविधा.........................................

परिच्छेद - ४.....................................................................

७ अनुगमन तथा मुल्यांकन प्रतिवेदन........................................

८ प्रतिवेदन गर्ने अवधि........................................................

परिच्छेद ५...........................................................................

९ बाधा अडकाउ फुकाउ तथा संशोधन.....................................

# पाल्हीनन्दन गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि , २०७८

गाउँकार्यपालिकाबाट स्विकृत मिति : २०७८।०३ ।५

<u>प्रस्तावना</u>

पाल्हीनन्दन गाउँपालिकाद्वारा संचालित योजना , आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी , दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले , स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा १०२ बमोजिम बनेको पाल्हीनन्दन गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने नियमावली , २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पाल्हीनन्दन गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

<u>परिच्छेद -१</u>

**प्रारम्भिक १.संक्षिप्त नाम र प्रारम्भ :** ( १ ) यस कार्यविधिको नाम " पाल्हीनन्दन गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७८ " रहेको छ ।

( २ ) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषण :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा , ( क ) " कायविधि " भन्नाले पाल्हीनन्दन गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि , २०७८ लाई सम्झनु पर्छ ।

( ख ) " पालिका " भन्नाले पाल्हीनन्दन गाउँपालिका ,नवलपरासीलाई सम्झनुपर्छ ।

( ग ) " अनुगमन " भन्नाले योजना , आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ छैन भनि गाउँ कार्यपालिकाबाट तोकिएका पदाधिकारी तथा कर्मचारीहरुबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

( घ ) " मुल्यांकन " भन्नाले कार्यान्वयन गरिएका योजना , आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक , लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

( ङ ) “ अनुगमन मूल्यांकन समिति " भन्नाले दफा ३ को उपदफा ( १ ) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २

## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** ( १ ) गाउँपालिकामा सञ्चालित योजना , आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्राविधिक शाखाका प्रमुख - सदस्य

(घ) कार्यापालिकाका सदस्यहरु मध्ये २ दुई जना महिला सदस्य - सदस्य

(ङ) योजना तथा अनुगमन शाखाको प्रमुख - सदस्य सचिव

यस अनुगमन तथा मुल्यांकन समितिमा वढीमा ३ जनालाई आमन्त्रित गर्न सकिनेछ ।

तर , उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि तथा अनुगमन समितिका संयोजकको व्यस्तताका कारण पालिका प्रमुख स्वयं वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्न बाधा पुगेको मानिने छैन ।

( २ ) गाउँपालिका वा बडा स्तरबाट संचालित रु.५ लाख भन्दा बढिका योजनाहरुको हकमा योजनाको सार्वजानिक परिक्षण गर्दा गाउँपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।

( ३ ) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन मुल्याङ्कन वडा समितिबाट पनि निरन्तर रुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत गाउँपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

( ४ ) वडा स्तरीय योजनाको अनुगमन सुपवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम , कर्तव्य र अधिकार :**

( १ ) दफा ३ को उपदफा ( १ ) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

( क ) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

( ख ) योजना , आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने , गराउने ।

( ग ) योजना , आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु एचित ढंगले व्यवस्थापन गर्ने ।

( घ ) अनुगमन तथा मूल्याइनको प्रतिवेदन तयार गरी पेश पेश गर्ने

( ङ ) गाउँ सभा , गाउँ कार्यपालिका तथा पालिका प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने।

( च ) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक बा गुणात्मक कमी कमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

**५.आयोजनाको प्रभाव मूल्याङ्नः**

( १ ) रु . पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

( २ ) गाउँपालिका वा बडा स्तरीय योजनाहरु मध्ये रु . २ लाख भन्दा कमलागतका योजनाहरुको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागि सिफारिस गर्नेछ ।

( ३ ) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा गाउँपालिका स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद -३

## अनुगमन तथा मुल्याकन सुविधा

**६.अनुगमन तथा मुल्याङ्कन सुविधा :**

( १ ) दफा ३ को उपदफा ( १ ) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्नेछन् ।

( क ) अनुगमन प्रतिदिन रु . १५००।००

(ख) अनुगमन गरेको प्रतिदिन खाजा वापत रु. २००।- अनुगमन तथा मुल्यांकन समितिका पदाधिकारी तथा कर्मचारीहरुले खाजा वापतको सुविधा प्राप्त गर्नेछन् ।

२. यस कार्यविधिमा जे सुकै उल्लेख भएपनि यो कार्यविधि जारी हुन भन्दा पहिला अनुगमन समितिका पदाधिकारीहरुले प्राप्त गरेको अनुगमन तथा मुल्यांकन सुविधा यसै कार्यविधि बमोजिम लिएको मानिने छ

## परिच्छेद -४

## अनुगमन तथा मुल्याकन प्रतिवेदन

**७.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :**

दफा ३ को उपदफा १ बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि -१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी गाउँ पालिका प्रमुख मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

**८. प्रतिवेदनपेश गर्ने अवधि :** १ ) दफा ३ को उपदफा ( १ ) बमोजिमको समितिले अनुसुचि १ बमोजिमको प्रतिवेदन गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -५

## विविध

**९.बाधा अड्काउ फुकाउ तथा संशोधन :**

(१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ परेमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

अनुसूची -१

परिच्छेद ४ को दफा ८ संग सम्बन्धित

पाल्हीनन्दन गाँउपालिका

कुश्मा नवलपरासी ।

योजना अनुगमन समितिको प्रतिवेदन

श्री गाँउपालिका अध्यक्ष ज्यु

पाल्हीनन्दन गाँउपालिका

कुश्मा नवलपरासी ।

पाल्हीनन्दन गाँउपालिकाको गाँउ सभाले आ.ब...............मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चात गाँउ स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन ।

१ योजनाको नाम...................................

२ योजना संचालन भएको स्थान..........................................

३ विनियोजित रकम ............................... जन श्रमदान................................कुल लागत...............................

४ सम्झौता मिति................................सम्पन्न गर्नुपर्ने मिति..........................सम्पन्न भएको मिति................

५ अनुगमनका क्रममा देखिएका कुराहरुः-

| क्र.सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने ) | | | |
| ४ | आयोजना सूचना पाटी (सबैले देख्ने ठाँउमा ) | | | |

६. आयोजना संचालनमा देखिएका समस्याहरुः-

१.

२.

३.

७. अनुगमन समितको सुझावहरुः.-

१.

२.

उपभोक्ता समिति अध्यक्ष/ पदाधिकारीको

दस्तत...................................................

नाम............................

८. अनुगमन समितिको निष्कर्षः-

९. अनुगमनमा संलग्न पदाधिकारीहरुः-

| क्र.सं | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |